**विद्यालय दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८२**

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८२/०२/२५

आधारभूत तहसम्मको शिक्षालाई गुणस्तरीय निःशुल्क तथा अनिवार्य गराउन प्रत्येक विद्यालयमा नेपाल सरकारबाट प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ । दिवा खाजा कार्यक्रमलाई सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले “सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६”, “विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७” र “स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप २०८१” जारी गरेको छ । यसै सन्दर्भमा पातारासी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी पातारासी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा यस कार्यक्रमलाई प्रभावकारी र सुव्यवस्थित रुपमा कार्यान्वयन गर्न पातारासी गाउँ कार्यपालिकाले कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२” रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात मात्र सामुदायिक विद्यालयहरुमा प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

(क) "दिवा खाजा" भन्नाले सामुदायिक विद्यालयमा विद्यार्थीहरुका लागि व्यवस्था गरिएको नियमित खाजा सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका” भन्नाले पातारासी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "साझेदार निकाय" भन्नाले विद्यालय दिवा खाजा कार्यक्रम संग सम्बन्धित कार्यक्रममा वित्तीय, प्राविधिक तथा वस्तुगत सहायता उपलब्ध गराउने गरी गाउँपालिकासंग साझेदारी गरेको सरकारी, निजी तथा गैरसरकारी निकायलाई सम्झनुपर्दछ ।

(घ) "वि.व्य.स." भन्नाले सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

(ङ.) "भान्से" भन्नाले विद्यालयमा दिवाखाजा तयारी गर्ने, पस्केर खुवाउने तथा दिवा खाजा व्यवस्थापनसँग सम्बन्धित दैनिक कार्य गर्ने व्यक्तिलाई सम्झनुपर्दछ ।

(च) "दिवा खाजा व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिले तोकेको पदाधिकारीको नेतृत्वमा दिवा खाजा व्यवस्थापनका लागि आवश्यक सहयोग गर्ने उद्देश्यले गठित समिति सम्झनु पर्दछ ।

(छ) "प्र. अ." भन्नाले सम्बन्धित विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।

## <u>परिच्छेद - २</u>

### ३. उद्धेश्यहरु

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि नेपाल सरकार र अन्य साझेदार निकायहरुबाट उपलब्ध गराइने दिवाखाजाका उद्देश्यहरु यसप्रकार रहेका छन ।

१. सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउने,

२. विद्यार्थीको स्वास्थ्य र पोषणको स्थितिमा दीर्घकालिन सुधार ल्याउने,

३. विद्यालय बिचमै छोड्ने प्रवृतिमा कमी ल्याउने ,

४. स्थानीय कृषि तथा पशुपन्छीजन्य उपजलाई विद्यालय दिवा खाजा कार्यक्रम मार्फत बढावा दिने,

५. शैक्षिक गुणस्तर र स्थानीय अर्थतन्त्रमा टेवा पुर्याउने र

६. विद्यालय दिवा खाजा कार्यक्रमलाई कृषि, स्वास्थ्य, शिक्षा र रोजगारका क्षेत्रमा आवद्ध गर्दै जाने ।

### ४. लक्षित समुह

यस गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकाहरु यस कार्यक्रमको लक्षित समुह हुनेछन् ।

# परिच्छेद - ३

## दिवा खाजाको पोषण मापदण्ड र मेनु सम्बन्धि व्यवस्था

**५. पोषण मापदण्ड**

(क) बालबालिकाका लागि दैनिक आवश्यक पर्ने बृहत् र सुक्ष्म पोषक तत्वको मात्रा तपसिल अनुसारको हुनुपर्नेछ।

| पोषक तत्त्व | दैनिक आवश्यक पोषक तत्वको मात्रा | दिवा खाजाबाट आपुर्ति हुनुपर्ने पोषक पोषक तत्वको मात्रा (३० प्रतिशत) |
|---|---|---|
| **बृहत पोषक तत्त्व** | | |
| क्यालोरी (किलोक्यालोरी) | १८५० | ५५५ |
| प्रोटिन (ग्राम) | ५७ | १७ |
| फ्याट (ग्राम) | ४८ | १४ |
| **सुक्ष्म पोषक तत्त्व** | | |
| आयोडिन (माइक्रोग्राम) | १२० | ३६ |
| आइरन (मिलिग्राम) | १७.८ | ५.४ |
| जिंक (मिलिग्राम) | ११.२ | ३.४ |
| भिटामिन ए (माइक्रोग्राम) | ३३ | ११ |
| भिटामिन बि | १२ | ४ |

(ख) नेपाल सरकारबाट तोकिएको पोषण मापदण्डलाई (दैनिक रुपमा चाहिने बृहत् तथा सुक्ष्म पोषक तत्वहरुका मात्रा ३० प्रतिशत दिवा खाजाबाट प्राप्त हुनुपर्दछ) पूर्णरुपले पालन गर्न देहाय बमोजिमको पोषण मापदण्डको व्यवस्था गरिएको छ ।

(ग) संघीय सरकारको अनुदानबाट कक्षा थप भएको खण्डमा सोही अनुसार गरिने र प्रत्येक वर्ष नियमित रुपमा कार्यक्रम संचालन गरिने छ ।

(घ) स्थानीय स्तरमा उत्पादन हुने मौसमी फलफुलहरु स्याउ, ओखर लगायतका अन्य फलफूलहरुको उपयोगमा जोड दिनु पर्ने छ ।

(ङ) सबै सामुदायिक विद्यालयहरुले उल्लेखित खाद्य सामग्रीहरुको न्यूनतम मात्रा अनिवार्य रुपमा पूरा गर्नु पर्नेछ।

**(६) दिवा खाजाको मेनु**

तोकिएको पोषण मापदण्ड र खाद्य सामग्रीहरुको मात्राको आधारमा यस गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुका लागि एउटै दिवा खाजाको साप्ताहिक मेनु हुनेछ । मेनुको लागि देहाय बमोजिमको व्यवस्था गरिने छ ।

(क) दिवा खाजाको मेनु निर्माण कृषक सहकारी, कृषि तथा अन्य समूह, संघ संस्थाहरु, कृषि विकास शाखा, बहुक्षेत्रीय पोषण, स्वास्थ्यको क्षेत्रमा काम गर्ने विषय विज्ञको परामर्श र विद्यालय शिक्षक, वि.व्य.स.को सल्लाह बमोजिम प्र.अ. बैठकबाट तयार गरिने छ ।

(ख) दिवा खाजाको साप्ताहिक मेनु यस गाउँपालिकाको स्थानीय कृषि उत्पादनमा आधारित हुने वा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने हुनेछ ।

(ग) हिउँदे र बर्षे गरी दुई वटा मौषमका लागि अलग अलग मेनुको सेट निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(घ) प्रत्येक दिनको दिवा खाजा मेनु अलग अलग हुने तथा एक दिनको मेनु गाँउपालिकाका सबै विद्यालयहरुमा एउटै प्रकारको हुने गरी कार्यान्वयन गरिनेछ ।

(ङ) एक आर्थिक वर्षमा बढिमा २ पटक सम्म मेनुको पुनरावलोकन गरी अद्यावधिक गरिनेछ । पहिलो पटकलाई मेनु अनुसूची – ६ अनुसार हुनेछ ।

(च) मेनु तयारी तथा दिवा खाजा मापदण्ड सम्बन्धि अभिमुखीकरण गाउँपालिकाको आयोजनामा वर्षको १ पटक संचालन गरिनेछ ।

## परिच्छेद - ४

### ७. पूर्वाधार सम्बन्धी व्यवस्था

गाउँपालिकाले सबै सामुदायिक विद्यालयहरूलाई भण्डारण सहितको भान्सा कोठा निर्माण गर्न वडाको सिफारिसमा आवश्यकता बमोजिमको अनुदान उपलब्ध गराउन सक्नेछ । उपलब्ध गराईएको अनुदानमा विद्यालयको समन्वयमा विभिन्न साझेदार निकाय, वडा कार्यालय, संघ संस्थाबाट रकम थप गरी निर्माण कार्यलाई थप प्रभावकारी, दिगो बनाउनको लागि पहल गरिने छ ।

भण्डारण सहितको भान्सा कोठा निर्माण गर्दा "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६" मा तोकिएको ढाँचामा मात्र निर्माण गर्नु पर्नेछ । खाजा तयारीका लागि आवश्यक पर्ने भान्सा निर्माणको लागि कुनै दातृ निकायले सहयोग गरेमा निर्माण लागत अनुदानमा फेरबदल हुन सक्नेछ । साथै तोकिएको ढाँचामा कार्य सम्पन्न गर्नुपर्नेछ ।

### ८. भान्सामा प्रयोग हुने सामग्रीहरू (पकाउने र खाने भाँडावर्तन)

गाउँपालिकाले आफ्नै स्रोत अथवा साझेदार निकायहरुको सहयोगमा सबै सामुदायिक विद्यालयहरूलाई दिवा खाजा तयार गर्न र खुवाउन आवश्यक न्यूनतम् सामग्री व्यवस्थापन गर्न अनुदान उपलब्ध गराउन सक्नेछ । दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पर्ने गैर खाद्य सामग्री (भाँडावर्तन, चम्चा, प्लेट) पहिले नै उपलब्ध गराई सकिएको वा उपलब्ध भएको भए विद्यार्थी संख्या थप भएको आधारमा मात्र उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

यसरी विद्यालयले भान्साका सामग्रीहरू व्यवस्थापन गर्दा "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा तोकिएको विद्यार्थी संख्याको आधारमा चाहिने न्यूनतम भान्साका सामग्रीहरूको व्यवस्था गर्न सकिनेछ ।

### ९. चुलो र ईन्धनको व्यवस्थापनः

(क) विद्यालयहरूले दिवा खाजा तयार गर्न सुधारिएको चुलो र इन्धनको व्यवस्थापन आफै गर्नुपर्ने छ ।

(ख) विद्यालयहरूले सङ्घीय सरकारले तोकेको रकमबाट खाद्य सामाग्रीहरू खरीद गर्न तथा इन्धनको व्यवस्थापन गर्नु पर्नेछ ।

(ग) नपुग रकम वि.व्य.स. ले स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरूबाट सहयोग जुटाउन सक्नेछ ।

(घ) विद्यालयले दिवा खाजा तयारीको लागि इन्धनको रुपमा दाउराको चुल्हो प्रयोग गर्नुपर्ने भएमा "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६" मा तोकिए अनुसारको सुरक्षित, धुवाँ रहित र वातावरणमैत्री हुनु पर्नेछ । साथै विद्यालयहरूले आवश्यकता अनुसार इन्धनको रूपमा विद्युतीय चुल्होको पनि प्रयोग गर्न सकिने छ ।

## परिच्छेद - ५

दिवा खाजाको खरिद तथा तयारी र रकम निकासा सम्बन्धि व्यवस्था

**१०. दिवा खाजाको लागि खाद्य सामग्री खरिद**

दिवा खाजा कार्यक्रमका लागि यस गाँउपालिकामा खाद्य सामग्रीहरूको खरिद देहाय बमोजिम हुनेछ

(क) दिवा खाजाको लागि चाहिने खाद्य सामग्रीहरुको खरिद सङ्घीय सरकारले तोकेको मोडेलहरू मध्येको विद्यालय केन्द्रित बाह्य स्रोत मोडेलबाट हुनेछ । विद्यालय वा पालिकाको काबु बाहिरको परिस्थिति भएको खण्डमा विद्यालयले मोडल परिवर्तन गर्नको लागि गाँउपालिका सँग पूर्व स्वीकृति लिनु पर्नेछ । तोकिएको मोडलमा खाद्य सामग्री खरिद तथा आपूर्ति प्रक्रिया नभएको विद्यालयहरुलाई अनुदान उपलब्ध गराउन गाँउपालिका बाध्य हुनेछैन ।

(ख) गाँउपालिका अन्तर्गतका विद्यालयहरुमा आवश्यक पर्ने खाद्य सामग्रीहरुको खरिद गर्नको लागि विद्यार्थी संख्या र साप्ताहिक मेनुको आधारमा कम्तिमा ३ महिनाको एकमुष्ट परिमाण तय गरिनेछ । तयार गरिएको परिमाणको आधारमा विद्यालयले गाँउपालिकाबाट पहिचान/सूचिकृत भएको महिला वा कृषि सहकारी, कृषक समूह वा अन्य आपूर्तिकर्तासँग सम्झौता गरि खाद्य सामग्री खरिद तथा आपूर्ति गर्नु पर्नेछ ।

(ग) माथि (ख) मा उल्लेखित जुनसुकै आपूर्तिकर्ता भए पनि दिवा खाजाका लागि चाहिने प्रायः सबै खाद्य सामग्रीहरू (स्थानीय स्तरमा उत्पादन नहुने बाहेक) स्थानीय स्तरमा उत्पादन हुने रैथाने बाली हुनुपर्दछ ।

(घ) विद्यालय र तोकेको सहकारी तथा अन्य आपूर्तिकर्तासँग सम्झौता तयारी, अभिमूखिकरण लगायतका क्षेत्रमा गाँउपालिकाले आवश्यक सहयोग गर्नेछ । तोकिएको सम्झौता अवधिमा ५०% भन्दा कम मूल्य बराबरको स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीहरू आपूर्ति भएमा विद्यालयले यस्तो आपूर्तिकर्तासँग खरिद सम्झौता नवीकरण गर्ने छैन र सोको जानकारी गाँउपालिकामा गराउनु पर्नेछ ।

(ङ) आपूर्तिकर्ताले तोकिएको मापदण्ड र परिमाणमा गुणस्तरीय खाद्यबस्तुहरु उपलब्ध गराएको सुनिश्चितता विद्यालयले गर्नेछ । खाद्य सामग्री खरिद तथा आपूर्तिको मोडल गाउँपालिकाबाट आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ । तोकिएको मापदण्ड अनुसार वस्तुगत सहायता उपलब्ध भएको खण्डमा तोकिए अनुसार व्यवस्थापन गर्न सकिनेछ ।

## ११. दिवा खाजा तयारी तथा वितरण सम्बन्धी व्यवस्था

विद्यालय संचालन भएको समयमा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूले दिवा खाजा विद्यालयमै तयार गरी विद्यार्थीहरुलाई उपलब्ध गराउनु पर्नेछ । प्रत्येक दिन बिहानको ११ बजे सम्म उपस्थित विद्यार्थी संख्याको विवरण विद्यालयले खाजा तयारमा सहयोग गर्ने भान्से वा स्वयंसेवकलाई उपलब्ध गराउनु पर्नेछ । दिवा खाजा तयारी तथा वितरण सम्बन्धि अन्य व्यवस्था देहाय बमोजिम हुने छ ।

(क) विद्यार्थी संख्या ७५ जनाभन्दा कम भएका विद्यालयले तोकिएको विद्यालय खाजा व्यवस्थापन समिति वा वि.व्य.स. ले विद्यालयको विद्यमान परिचर वा स्वयंसेवकलाई प्राथमिकता दिई भान्से परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि शिक्षण कार्यलाई प्रभाव नपर्ने गरी सहजीकरण गर्न सक्ने छन्।

(ख) विद्यार्थी संख्या ७६ देखि १५० जनासम्म भएका विद्यालयमा स्वयंसेवकलाई प्राथमिकता दिई परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि शिक्षण कार्यलाई प्रभाव नपर्ने गरी सहजीकरण गर्न सक्ने छन्।

(ग) विद्यार्थी संख्या १५१ जनाभन्दा वढी भएका विद्यालयले तोकिएको विद्यालय दिवा खाजा व्यवस्थापन समिति वा वि.व्य.स.ले विद्यालयको विद्यमान परिचर मध्ये एक जना वा स्वयंसेवक भान्सेहरू परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि शिक्षण कार्यलाई प्रभाव नपर्ने गरी सहजीकरण गर्न सक्ने छन्।

(घ) दिवा खाजा तयार गर्ने भान्से स्वयंसेवक वा विद्यालयमा कार्यरत कर्मचारी भएपनि उनीहरूको परिश्रमको सम्मान गर्न वि.व्य.स. ले केही रकम उपलब्ध गराउन सक्नेछ ।

(ङ) सुरक्षाको दृष्टिले प्रत्येक दिन सबैभन्दा पहिले दिवा खाजा तयार गर्ने भान्से र प्रधानाध्यापक वा फोकल शिक्षकले तयार भएको खाजा चाखेर रुजु गरेपछि मात्र वितरण गर्नु पर्नेछ ।

(च) दिवा खाजा वितरण शिक्षकहरूको उपस्थिति तथा सहयोगमा मात्र हुनेछ । खाजा वितरण गर्दा शुरुमा सबभन्दा सानो कक्षादेखि शुरु गरी क्रमशः माथिल्लो कक्षाहरूका विद्यार्थीहरूलाई वितरण गर्नु पर्नेछ ।

**१२. दिवा खाजाको लागि रकम निकासा**ः गाँउपालिकाबाट दिवा खाजा व्यवस्थापनका लागि नगद तथा जिन्सी निकासा देहाय बमोजिम हुनेछ ।

(क) विद्यार्थी भर्ना अनुसारको विनियोजन भएको रकम विद्यार्थी हाजिरी रुजु तथा प्रमाणित गरी प्रत्येक विद्यालयको खातामा निकासा गरिने छ । विद्यालयले निकासाका लागि अनुसूची–१ बमोजिमको माग फाराम भरी गाँउपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्नु पर्ने छ ।

(ख) शिक्षा, युवा तथा खेलकुद शाखाले उपरोक्त निवेदन रुजु गरी तोकिएको रकम वा सामग्रीको निकासाको लागि गाउँपालिकामा सिफारिस गर्नेछ ।

(ग) दिवा खाजाको लागि आवश्यक पर्ने खाद्यान्न खरीद पश्चात विद्यालयले सम्बन्धित आपूर्तिकर्तालाई सम्झौता अनुसारको र उपभोग भएको खाद्यान्नको बील भर्पाइको आधारमा भुक्तानी गर्नुपर्ने छ ।

(घ) यस कार्यविधिमा उल्लेखित प्रावधानहरूको कार्यान्वयन नगर्ने विद्यालयको दिवा खाजा लगायत अन्य रकम निकाशा गर्न गाउँपालिका बाध्य हुने छैन ।

## परिच्छेद-६

दिवा खाजा संचालनको लागि कार्यान्वयन प्रक्रिया तथा संस्थागत संरचना

**१३. गाउँपालिकास्तरीय दिवा खाजा व्यवस्थापन उपसमितिको गठन तथा भूमिका**

स्थानीय तहको दिवा खाजा कार्यक्रम कार्यान्वयन संयन्त्रको रूपमा पालिकास्तरीय दिवा खाजा व्यवस्थापन उपसमितिको गठन हुनेछ । उक्त समितिको गठन तथा काम, कर्तव्य र जिम्मेवारी सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ को दफा ४.१.१ बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष– संयोजक

(ख) सामाजिक विकास समिति संयोजक– सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(घ) स्थानीय तहको वडा अध्यक्षहरू मध्ये एक जना (मनोनित) – सदस्य

(ङ) स्थानीय तहभित्रका वि.व्य.स. अध्यक्षहरू मध्ये एक जना (मनोनित) – सदस्य

(च) आधारभूत तहका शिक्षक मध्ये एक जना (मनोनित) – सदस्य

(छ) स्थानीय तहभित्रका महिला शिक्षक मध्ये एक जना (मनोनित) – सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख – सदस्य

(झ) कृषि शाखा प्रमुख – सदस्य

(ञ) महिला तथा बालबालिका शाखा प्रमुख – सदस्य

(ट) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

**१४. गाउँपालिकास्तरीय दिवा खाजा व्यवस्थापन उपसमितिको भूमिका ।**

(क) स्थानीय तहभित्रका विद्यालयमा दिवा खाजा व्यवस्थापन तथा दिवा खाजाको राष्ट्रिय मापदण्ड अनुरूपका स्थानीय मापदण्ड र स्तर निर्धारण गर्ने ।

(ख) दिवा खाजा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धि निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने ।

(ग) दिवा खाजा कार्यक्रममा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाको समेत भूमिका पहिचान गरी प्राविधिक, आर्थिक तथा अन्य सहयोग वा सहकार्यका लागि पहल गर्ने ।

(घ) विद्यालय दिवा खाजा व्यवस्थापन सम्बन्धि आवश्यक नीति, कार्यक्रम, बजेट, कार्यनीति तयार गरी नीति निर्धारण समितिमा प्रस्तुत गर्ने र सो समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ङ) दिवा खाजा कार्यक्रमको कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने गराउने ।

(च) विद्यालय दिवा खाजा कार्यक्रमका लागि उपलब्ध बजेट तथा स्रोत साधन स्थानीय तहभित्रका विद्यालयहरूमा बाँडफाँड र स्रोत निर्धारण गर्ने ।

(छ) स्थानीय तहभित्रका विद्यालयका लागि दिवा खाजा कार्यक्रम ढाँचा निर्धारण गर्ने र कार्यान्वयन गराउने

(ज) विद्यालय दिवा खाजा कार्यक्रमको साप्ताहिक मेनु निर्धारण गरी विद्यालयहरूलाई उपलब्ध गराउने ।

(झ) दिवा खाजालाई स्थानीय स्तरको उत्पादनमा आधारित बनाउन कृषि तथा पशु शाखाको सहयोगमा सहकारीहरु, कृषक समूहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग गर्ने ।

(ञ) निर्धारित मापदण्ड अनुरूप खाजा उपलब्ध भएको सुनिश्चित गर्ने र कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गर्ने ।

**१५. दिवा खाजा व्यवस्थापनमा वि.व्य.स. को भूमिका**

(क) गाउँपालिकाले दिवा खाजाका लागि तोकेको न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्ने ।

(ख) दिवा खाजाको न्यूनतम मापदण्ड र पूर्वाधारहरूको व्यवस्थापनका लागि आवश्यक आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनका लागि वडा कार्यालय, गाँउपालिका लगायत अन्य निकाय र दाताहरूसँग सहकार्य गर्ने ।

(ग) गाँउपालिकाले दिवा खाजाका लागि तोकेको मेनु र अन्य पोषणका लागि आवश्यक खाद्य सामग्रीका लागि अनुसूची–२ अनुसारको खरिद योजना तयार गर्ने ।

(घ) खरिद योजना अनुसार गाउँपालिकाले पहिचान गरेका कृषि सहकारी, अन्य सहकारी वा कृषक समूहहरू सँग आवश्यक परिमाण सहितको खाद्य सामग्रीको खरिद तथा आपूर्तिको लागि अनुसूची–३ अनुसारको ढाँचामा सम्झौता गर्ने ।

(ङ) अभिभावकलाई तोकिएको कार्यको लागि कार्ययोजना अनुसार परिचालन गर्ने ।
(च) दिवा खाजाका लागि तोकिएको मापदण्ड अनुसारको रकम वा अन्य स्रोतहरू खोजी र निकासा गर्ने
(छ) खाद्य सामग्री आपूर्तिकर्तालाई तोकिएको समयमा रकम उपलब्ध गराउने ।
(ज) आवश्यकता अनुसार स्वयंसेवक भान्से छनोट र परिचालन गर्ने ।
(झ) विद्यालय दिवा खाजा व्यवस्थापन समिति गठन गरी परिचालन गर्ने ।
(ञ) गाउँपालिका र अन्य निकायबाट प्राप्त सुझाव र निर्देशनहरू कार्यान्वयन गर्ने ।

**१६. दिवा खाजा व्यवस्थापनमा शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका**

(क) गाउँपालिका भित्रका विद्यालयहरूमा दिवा खाजा कार्यक्रमका लागि तोकिएको मापदण्ड र मेनु अनुसार कार्यान्वयन र अनुगमन सुपरीवेक्षण गर्ने ।
(ख) दिवा खाजा कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्ययोजना तथा बजेट तयार गरी गाउँ शिक्षा समितिबाट अनुमोदन गराई कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने ।
(ग) दिवा खाजा कार्यक्रमका लागि आवश्यक मानव स्रोत तथा कर्मचारी व्यवस्थापनका लागि गाउँपालिका र विद्यालयहरू सँग समन्वय गर्ने ।
(घ) दिवा खाजाका लागि विद्यालयहरूलाई तोकिएको मापदण्ड तथा माग अनुसार सम्बन्धित विद्यालयको बैंक खातामा निकासाका लागि सिफारिस गर्ने ।
(ङ) विद्यालयहरुले पेश गरेको प्रगति प्रतिवेदनहरू एकीकृत गरी गाउँपालिका स्तरीय प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा पेश गर्ने ।
(च) प्रधानाध्यापक बैठकमा दिवा खाजासँग सम्बन्धित विषय वस्तुहरूमा छलफल गर्ने गराउने ।
(छ) दिवा खाजा कार्यक्रमका सम्बन्धमा विद्यालयका प्र.अ. जनप्रतिनिधिहरुलाई अभिमूखिकरण तथा समिक्षा कार्यक्रम संचालन गर्ने ।
(ज) दिवा खाजा व्यवस्थापन कार्यमा संलग्न कर्मचारी तथा अन्य सरोकारवालहरू (भान्से, वि.व्य.स. र शिक्षक आदिको क्षमता विकास र यस कार्यक्रमको प्रभावकारिताका लागि सहयोगी निकायहरू (खाद्य तथा गुणस्तर नियन्त्रण विभाग, विश्व खाद्य कार्यक्रम आदि) तथा अन्य विकास साझेदारहरू सँग समन्वय र सहकार्य गर्ने ।

(झ) दिवा खाजा कार्यक्रमसँग सम्बन्धित विषयगत शाखाहरु सँग आवश्यक समन्वय गर्ने ।

**१७. दिवा खाजा व्यवस्थापनमा वडा कार्यालयहरू को भूमिका**

(क) दिवा खाजाका लागि आवश्यक पूर्वाधार र अन्य कार्यका लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

(ख) वडाभित्रका स्वास्थ्य संस्थासँगको समन्वयमा प्रत्येक बालबालिकालाई ६÷६ महिनामा जुकाको औषधि खुवाउने विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) विद्यालय र गाउँपालिका विच पुलको काम गरी विभिन्न निकायहरू सँग समन्वय गर्ने ।

(घ) तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

**१८. दिवा खाजा कार्यक्रम कार्यान्वयनमा गाउँ कार्यपालिकाको भूमिका**

(क) गाउँपालिकास्तरीय दिवा खाजा व्यवस्थापन उपसमितिबाट पेश भएका नीति, नियम, योजना तथा कार्यक्रमहरुको मस्यौदा माथि छलफल गरी आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने ।

(ख) शिक्षा शाखाबाट प्रस्तुत भएको दिवा खाजाको वार्षिक कार्ययोजना र बजेट स्वीकृत गर्ने ।

(घ) दिवा खाजा व्यवस्थापनलाई प्रभावकारी बनाउन थप कर्मचारी व्यवस्था गरी खटाउने ।

(ङ) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरू विकास गर्ने सरकारी, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने गराउने ।

(च) दिवा खाजाको विस्तार तथा गुणस्तर सुधारका लागि संघ र प्रदेश सरकार सँग सहयोग का लागि आवश्यक पहल गर्ने ।

(छ) गाउँपालिका भित्रका सबै विद्यालयहरूको नियमित अनुगमन सुपरीवेक्षण गरी गराइ आवश्यक सुझाव र निर्देशनहरू दिने ।

## <u>परिच्छेद-७</u>
## दिवा खाजाको लागि आवश्यक स्रोतको लागत साझेदारी

**१९. सहकार्य तथा साझेदारी**

(क) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सहयोगी संस्था र अभिभावकहरूसँग समन्वय सहकार्य र साझेदारी गरिने छ ।

(ख) दिवा खाजा व्यवस्थापनका लागि स्थानीय सहकारी, कृषक समुह, नीजि क्षेत्र, सहयोगी संस्था तथा अभिभावकहरु संगँ आवश्यक सहकार्य गरिने छ ।

## <u>परिच्छेद-८</u>
## विविध

**२०.** गाउँपालिका भित्रका बिद्यालयहरुले आफ्नो बिद्यालयमा दिवा खाजामा पत्रु खाना (चाउचाउ, बिस्कुट, चट्पटे, लेज, कुरमुरे आदि) तयारी खानेकुराहरुलाई दिवा खाजाको रुपमा बिद्यार्थीहरुलाई खुवाउन पाइने छैन । अनुगमनको क्रममा विद्यालयमा यस्ता खालका खानाको प्रयोग गरेको पाईएमा सो दिनको खाजाको रकम भुक्तानि दिन गाँउपालिका बाध्य हुने छैन ।

**२१.** विद्यालय दिवा खाजा व्यवस्थापनसंग सम्बन्धित सबै व्यवस्थापन यसै कार्यविधि अनुसार र यस कार्यविधिमा उल्लेख नभएको खण्डमा प्रचलित नियम कानुन अनुसार हुनेछ । दिवा खाजा व्यवस्थापनमा कुनै समस्या भएमा गाउँपालिकाको निर्णयबाट समस्या समाधान गरिनेछ ।

अनुसूची–१

पातारासी गाउँपालिका

दिवा खाजा रकम निकाशा माग फारम

आ.ब. ………… ……. त्रैमासिक

विद्यालयको नामः

ठेगानाः

खाता नः

सम्पर्क नं मितिः

| कक्षा | विद्यार्थी भर्ना संख्य | हाजिरी दिन | | जम्मा दिन | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | विद्यालय खुले दिन | हाजिरी जना | | | | |
| बाल विका | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| जम्मा | | | | | | | |

| | | |
|---|---|---|
| तयार गर्ने | रुजु गर्ने<br>प्रधानाध्यापक | प्रमाणित गर्ने<br>वि.व्य.स. अध्यक्ष |

अनुसूची-२

सामग्रीको खरिदका लागि आवश्यक खरिद योजना

विद्यालयको नामः ठेगानाः मितिः

खाद्य सामग्रीको परिमाण र लागत अनुमान (बार्षिक रुपमा तयार गर्नुपर्ने)

| निर्धारित परिकार | बर्षमा खा उपभोग हु परिमाण | खाजा परिमाणको दर | जम्मा विद्यार्थी भ वा संख्या | आवश्यक सामग्रीको परिमाण | बचत मौज र सामग्री परिमाण | खरिद गर्नु सामग्रीको परिमाण | खरिद गर्नु सामग्रीको दर | अनुमानित जम्मा मूल्य | खाद्य सामग्रीको गुणस्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने रुजु गर्ने प्रमाणित गर्ने

अनुसूची-३

दिवा खाजाका लागि खाद्य सामग्री आपूर्तीका लागि आपूर्तिकर्ता र विद्यालय वीच हुने सम्झौता पत्रको नमूना

**सम्झौता पत्र**

नेपाल सरकारद्वारा सञ्चालित राष्ट्रिय विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत दिवा खाजालाई स्थानीय उत्पादनमा आधारित बनाई प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्थानीय कृषि उपज खरिद तथा आपूर्ति सम्बन्धि विद्यालय र कृषि सहकारी/कृषक समूह/आमा समूह/कृषि फर्म बीचको सम्झौता पत्र ।

सम्झौता नम्बर :

प्रथम पक्ष: ……………………………………………………………………………………..

दोस्रो पक्ष: …………………………………………………………………………….. बीच

संलग्न अनुसूचीमा उल्लेख गरिएबमोजिम विद्यालय दिवा खाजा कार्यक्रम संचालन गर्न सहमत छौं । यस कार्यकम कार्यान्वयनका लागि हामी दुबै प्रथम पक्ष र दोश्रो पक्ष बीच देहाय बमोजिमका कृषि उपज सामग्रीहरुको खरीद तथा आपूर्तिका लागि निम्न लिखित शर्तहरुमा निहित रही गर्ने गराउने भनी यो सहमती पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

**सम्झौताका बुँदा तथा शर्तहरु :**

**१. उपभोग्य वस्तु तथा परिमाण**

१.१ दोश्रो पक्षले अनुसुची ४ मा उल्लेख भए बमोजिमको परिमाणमा उपभोग्य सामग्रीहरु संझौता अबधि भरिमा आपूर्ति गर्नुपर्ने छ । आवश्कता अनुसार बस्तु तथा परिमाण दुवै पक्षको समझदारीमा परिवर्तन हुन सक्नेछ ।

**२. मूल्य**

२.१ उपभोग्य वस्तुहरुको प्रति ईकाई मूल्य संलग्न दुवै पक्षको समझदारीमा निर्धारित अनुसुची ४ मा उल्लेख भए बमोजिमको मुल्यमा उपलव्ध गराउनु पर्नेछ ।

**३. खाद्य ब्यबस्थापन**

३.१ आपूर्ति गरिएका सामग्रीहरुको सम्बन्धित विद्यालयले बुझे पश्चात्को ब्यबस्थापकीय जिम्मेवारी प्रथम पक्षको हुनेछ ।

**४. ढुवानी**

४.१ उपभोग्य सामग्रीहरुको आपूर्ति दोस्रो पक्षले अनुसुची ४ मा उल्लेख भएको निर्धारित परिमाण तथा मुल्य विश्लेषण अनुसार सम्वन्धित विद्यालयहरुलाई आपूर्ति गर्नु पर्नेछ ।

४.२ दोस्रो पक्षले आपूर्ति गरिएका उपभोग्य सामग्रीहरुको अनुसुची ५ मा ब्यवस्था भए बमोजिम १ प्रति आपूर्ति सुनिश्चितता पत्र प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गरिएको सामग्रीहरुको सामग्री प्राप्ति विवरण दस्तखत सहित बुझिलिएको रसीद/भर्पाइ प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

४.३ उपभोग्य सामग्रीको आर्पूति सुरु हुनको लागि सम्झौता भएको एक हप्ताभित्र प्रथम पक्षले अनुसूची ४ बमोजिम दोस्रो पक्षसित माग गर्नु पर्नेछ ।

४.४ यदि कुनै कारणवश वस्तु आपूर्ति गर्न नसकिने अथवा ढिलाई हुनसक्ने अवस्थामा दोश्रो पक्षले एक हप्ता अगावै प्रथम पक्षलाई आपुर्ति गर्न नसकिने वस्तुको परिमाण खुलाई लिखित कारण सहित जानकारी गराउनु पर्नेछ ।

**५. मेनु**

५.१ प्रथम पक्षले अनुसूची ६ बमोजिमको मेनु प्रयोग गर्नु पर्नेछ । यदी कुनै मेनु कार्यान्वयन गर्न सम्भावना नभएको खण्डमा स्थानीय उत्पादनमा आधारित रहेर दुवै पक्षको समझदारिमा परिवर्तन गर्न सकिनेछ ।

**६. गुणस्तरको प्रत्याभुती**

६.१ विद्यालयको तर्फबाट तोकिएको अधिकारिले आपूर्ति गरिएको सामग्रीहरुको गुणस्तर मापन गर्न सक्नेछन् ।

६.२ कुनै कारणवश आपूर्ति गरिएका वस्तु उपभोग्य गुणस्तर भन्दा कम गुणस्तरका भएमा आपूर्ति सुनिश्चिता पत्रमा अभिलेख हुने गरी सो को उल्लेख गरी त्यस्ता वस्तुहरु योग्य मानिने छैन ।

**७. भुक्तानीको सीमा तथा प्रकिया**

७.१ प्रत्येक महिनाको मसान्तमा दोश्रो पक्षले हस्तान्तरण गरिएका सामग्रीहरुको बील/बीजक प्रथम पक्षलाई अनुसुची ४ बमोजिम पेश गर्नु पर्नेछ ।

७.२. प्रथम पक्षले सम्बन्धित गाउँ/नगरपालिकाबाट दिवा खाजा शिर्षकमा रकम प्राप्त भएको मितिले....................................................दिन भित्र दोश्रो पक्षलाई भुक्तानी दिनु पर्नेछ ।

**८. भिन्नता**

८.१ कृषि उपजको मूल्यमा विशेष परिस्थितिको अवस्था बाहेक अन्य अवस्थाका भिन्नता स्विकार्य हुने छैनन् ।

८.२ भिन्नता हुनुपर्ने अवस्था आई परेको खण्डमा यस सम्झौताका दुबै पक्षहरु बीचको आपसी समझदारीमा निहित हुनेछ ।

**९. सहजीकरण**

९.१ सम्झौता गर्दाको बखत निर्धारण गरिएको मूल्य, मेनु तथा अन्य आई पर्ने बिषयमा छलफलमा गर्न परेमा आवश्यकताको आधारमा अथवा मासिक रुपमा बैठक बस्न सकिनेछ ।

९.२ प्रथम र दोस्रो पक्ष बीच यस सम्झौता पत्रमा उल्लेखित कुनै विषयमा असमझदारी सिर्जना भएमा दुवै पक्षबीच समाधानको लागि आपसी छलफल तथा प्रयास गरिनेछ । सोबाट समाधान नभएमा सहजीकरणको लागि तेस्रो पक्षको सहयोग लिन सकिनेछ ।

**१०. अन्य**

१०.१ दोस्रो पक्षले आपूर्ति प्रकिया सहजीकरणको लागि स्थानीय स्तरमा अगुवा किसान छनौट गरी प्रथम पक्षसंग संझौता गरिए अनुसार पूर्ण अथवा आंशिक रूपमा खाद्यबस्तु

आपूर्तिको लागि उक्त किसानलाई जिम्मा लगाउन सक्नेछ । यदि यस्तो गरिएको खण्डमा सोको पूर्ण बिबरण सहितको लिखित जानकारी दोस्रो पक्षले प्रथम पक्षलाई गराउनु पर्नेछ । दोस्रो पक्षले विद्यालयबाट भुक्तानी प्राप्त गरे पश्चात ............................. दिन भित्र उक्त किसानलाई दिनु पर्ने रकम भुक्तानी गर्नु पर्नेछ ।

**११. अवधिः**

११.१ यस संझौताको अवधि दुवैपक्ष वीच हस्ताक्षर भएको मितिबाट ........................ सम्म लागु हुनेछ । आपसी समझदारीमा अर्को अवधिको लागि सम्झौता नवीकरण गर्न सकिनेछ । यो सम्झौता मिति....................................................गते .......................... देहायका दुवै पक्षबाट हस्ताक्षर गरी सम्पन्न भयो ।

| | |
|---|---|
| विद्यालयको तर्फबाट (प्रथम पक्ष)<br>(छाप) | नाम:<br>पद :<br>हस्ताक्षरः<br>मिति :<br>फोन न.: |
| सहकारीको तर्फबाट (दोस्रो पक्ष)<br>(छाप) | नाम:<br>पद :<br>हस्ताक्षरः<br>मिति :<br>फोन न.: |
| साक्षी रोहबर<br>वडा कार्यालय, | नाम:<br>पद:<br>हस्ताक्षरः<br>मिति : |
| साक्षी रोहबर<br>गाउँपालिका शिक्षा शाखा प्रमुख, | नाम:<br>पद:<br>हस्ताक्षरः |

| | मिति : |
|---|---|

अनुसुची ४: मूल्य तथा परिमाण विश्लेषण

आपूर्तिकर्ता संस्थाको नाम र ठेगाना :

विद्यालयको नाम र ठेगाना:

| क्र.सं. | खाद्य सामग्री | प्रति इकाई मूल | जम्मा परिम | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | **अन्न समूह (कन्दमुल समेत)** | | | | |
| १ | चामल | | | | |
| २ | गहुँको पिठो | | | | |
| ३ | कोदोको पिठो | | | | |
| ४ | मकैको च्याँख्ला/पिठो | | | | |
| ५ | चिनो | | | | |
| ६ | फापरको पिठो | | | | |
| ७ | चिउरा | | | | |
| ८ | आलु | | | | |
| ९ | सखरखन्डा/तरूल/ पिँडालु | | | | |
| | **दाल तथा गेडागुडी समूह** | | | | |
| १० | सिमी | | | | |
| ११ | बोडी | | | | |
| १२ | केराउ | | | | |
| १३ | मासको दाल | | | | |
| १४ | भटमास | | | | |
| १५ | बकुल्ला | | | | |
| १६ | चना | | | | |
| | **हरियो सागपात तथा फलफुल समूह** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | रायो/ तोरी/ पालुङ्गो साग | | | | |
| १८ | धनियाको साग | | | | |
| १९ | फर्सी/फर्सीको मुन्टा | | | | |
| २० | गोलभेंडा | | | | |
| २१ | प्याज | | | | |
| २२ | गाजर | | | | |
| २३ | काउली/ बन्दा | | | | |
| २४ | घिराउला/ रामतोरिया/भेण्डी | | | | |
| २५ | मुला | | | | |
| २६ | मौसमी फलफुल (स्याउ, ओ | | | | |
| | **पशुपन्छीजन्य उत्पादन समूह** | | | | |
| २७ | अण्डा | | | | |
| २८ | दुध | | | | |
| २९ | दही | | | | |
| ३० | घ्यु | | | | |
| ३१ | कुखुरा/खसिको मासु | | | | |
| | **अन्य (मसला सहित)** | | | | |
| ३२ | सूर्यमुखी तेल | | | | |
| ३३ | चिनी | | | | |
| ३४ | नुन | | | | |
| ३५ | बेसार | | | | |
| ३६ | लसुन | | | | |
| ३७ | खुर्सानी | | | | |
| ३८ | अन्य | | | | |

**नोट:**

तरकारी, फलफुल तथा अन्य दैनिक रुपमा मुल्य हेरफेर हुन सक्ने बस्तुको हकमा यदि आपूर्ति गरिएको बखत् मूल्य निर्धारण गरिने हो भने आपसी समझदारीमा मूल्य निर्धारण गरी आपूर्ति सुनिश्चितता पत्रमा उल्लेख गर्नुपर्नेछ ।

<u>विद्यालय</u> <u>आपूर्तिकर्ता</u>

नामः नामः

हस्ताक्षर हस्ताक्षर

मितिः मितिः

छाप छाप

## अनुसुची ५. आपूर्ति सुनिश्चितताको पत्र

मिति :

समय :

वितरण स्थानः

विद्यालयको नाम तथा ठेगाना :

| क्र.स | उपभोग्य सामग्रीहरूको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सामग्री आपूर्तिकर्ताको बुझिलिने तथा जाँच गर्ने

नामः नामः

हस्ताक्षरः हस्ताक्षरः

# <u>अनुसूची-६</u>

विद्यालय दिवा खाजाको साप्ताहिक मेनु

| क्र.सं. | बार | अनिवार्य परिकार | विकल्प |
|---|---|---|---|
| १ | आइतबार | पोषिलो जाउलो | मकैको हलुवा तरकारी |
| २ | सोमबार | कोदोको हलुवा तरकारी | रोटी तरकारी |
| ३ | मंगलबार | मकै र सिमिको कोल | पानी रोटी (लिट्का) |
| ४ | बुधबार | आलु र सिमिको कोल | चिनोको खिचडी |
| ५ | विहिबार | मकै भटमासको थुक्पा (फाँडो) | फापरको लगर |
| ६ | शुक्रबार | आलु अचार साँदेको | मार्सी चामलको खिचडी |

नोटः माथि उल्लेखित मेनुको नमुना अनुसार गाउँपालिकाले प्र.अ.बैठक मार्फत आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्न सक्नेछ ।